धुर्कोट गाउँपालिका

गुल्मी जिल्ला,प्रदेश नं. ५. नेपाल

# धुर्कोट राजपत्र

गाउँ कार्यपालिकाबाट मिति २०७५/०३/०५ मा स्वीकृत भएको सुपरिवेक्षण तथा अनुगमन कार्यविधि २०७५ बमोजिम सार्वजनिक जानकारीको लागि देहाय बमोजिम प्रकाशन गरिएको छ।

## सुपरिवेक्षण तथा अनुगमन कार्यविधि २०७५

आज्ञाले,
लोकहरी थापा
प्रमुख प्रशासकीय अधिकृत

# धुर्कोट गाउँपालिका

## गाँउ कार्यपालिको कार्यालय बर्बोट गुल्मी

## सुपरिवेक्षण तथा अनुगमन कार्यविधि २०७५

गाउँपालिका भित्र हुने विकास निर्माणका गतिविधिहरुले यहाँका जनताको जीवनस्तरमा सुधार गरी समृद्ध एवं नमुना गाउँपालिका बनाउने उद्देश्यले संघ प्रदेश र स्थानिय तहबाट सञ्चालन हुने योजना कार्यक्रम तथा क्रियाकलापहरुलाई व्यवस्थित गर्न सहयोग पुर्‍याउने तथा विकास निर्माणसँग सम्बन्धित आर्थिक तथा प्रशासनिक कार्यविधिलाई व्यवस्थित, पारदर्शिता र जवाफदेहि ढंगबाट सञ्चालन गर्नका लागि सुपरिवेक्षण तथा अनुगमन कार्यविधि तयार गरिएको हो ।

### परिच्छेद-१

### संक्षिप्त नाम र प्रारम्भ

क) यो कार्यविधिको नाम सुपरिवेक्षण तथा अनुगमन कार्यविधि-२०७५

ख) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भएको विधिबाट लागु हुनेछ ।

ग) यो कार्यविधी स्थानीय तहहरु, सरकारी तथा गैर सरकारी क्षेत्रबाट संचालित विकास निर्माण लगायतका कार्यहरुका हकमा लागू हुनेछ ।

### परिच्छेद-२

### समितीको गठन

क) ३ लाख भन्दा माथिका योजनाहरुको अनुगमन गर्नेको लागि गा.पा. उपाध्यक्षको संयोजकत्वमा गाउँपालिकास्तरीय सुपरिवेक्षण तथा अनुगमन समिती गठन गरिनेछ जुन मूल अनुगमन समिती रहनेछ आवश्यकताअनुशार गाउँपालिका अध्यक्ष र सम्बधित वडाको वडाध्यक्षलाई सहभागी गराउन सकिनेछ ।

ख) ३ लाख भन्दा साना योजनाहरुको अनुगमन गर्नको लागि वडाध्यक्षको संयोजकत्वमा वडास्तरीय अनुगमन समिती गठन गरिनेछ ।

ग) अनुगमन समितीको प्रतिवेदन तथा सिफारिस बिना कुनै पनि योजना तथा कार्यक्रमको भुक्तानि दिइने छैन ।

## परिच्छेद-३

## गाउँपालिका स्तरीय सुपरिवेक्षण तथा अनुगमन समिति गठन

यस गाउँपालिकामा देहायबमोजिमको एक गाउँपालिका स्तरीय सुपरीवेक्षण तथा अनुगमन समिति रहनेछ ।

क) गाउँपालिका उपाध्यक्ष संयोजक

ख) प्रमुख प्रशासकिय अधिकृत सदस्य

ग) गाउँ कार्यपालिका बैठकले तोकेको पदाधिकारी मध्ये १ जना महिला सहित २ जना सदस्य

घ) गाउँपालिकाको प्राविधिक शाखा प्रमुख सदस्य

ङ) गाउँपालिका योजना तथा तंथ्याङ्क शाखा प्रमुख सदस्य सचिव

योजना अनुगमनको शिलशिलामा गाउँपालिकाका अध्यक्ष र सम्बधित वडाको वडाअध्यक्षलाई आमन्त्रण गर्न सकिने छ ।

## परिच्छेद-४

## वडास्तरीय अनुगमन समिती

गाउँपालिका अन्तर्गत प्रत्येक वडामा देहायबमोजिनको सदस्यहरु रहने गरी वडास्तरीय अनुगमन समिती रहनेछ ।

क)वडा अध्यक्ष संयोजक

ख) वडाका सम्पूर्ण सदस्यहरु सदस्य

ग) प्राविधिक कर्मचारी १जना सदस्य

घ)वडा सचिव सदस्य सचिव

## परिच्छेद-५

## गाउँपालिका स्तरीय सुपरिवेक्षण अनुगमन समिती काम कर्तव्य अधिकार

क) आर्थिक वर्ष २०७५/०७६ को गाउँसभाबाट विनियोजित योजना तथा कार्यक्रमहरु मध्ये रकम रु. ३००००० भन्दा ठूला योजनाहरुको अनुगमन निर्देशन तथा नियन्त्रण गर्न ,

ख) आयोजनाहरुको गुणस्तरीयता कायम गराउने,

ग)योजनाको अनुगमन गरी प्रतिवेदन गाउँकार्यपालिकाको बैठकमा पेस गर्ने ,

घ)योजना अनुगमन गरी भुक्तानिका लागि सिफारिस दिने,

ङ) गाउँपालिका भित्र हुने विकास निमार्णका कार्यहरुलाई चुस्त दुरुस्त आर्थिक पारदर्शिता र जवाफदेही ढंगबाट सञ्चालन गर्न आवश्यक समन्वय गर्ने ।

च) गाउँपालिका भित्र सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी उक्त कार्यक्रमको अनुगमन गर्न निर्देशन दिने ।

झ)गाउँपालिका भित्रका विकास तथा निर्माण सम्बन्धी कार्यहरुमा अनियमितता देखिए आवश्यक निर्देशन तथा कारवाहीका लागि सम्वन्धित आवश्यक व्यवस्था गरिनेछ ।

ञ)अनुगमन सम्वन्धी गाउँपालिकाको वार्षिक अनुगमन प्रतिवेदन तयार गरि सार्वजानिक गर्नुपर्नेछ साथै अनुगमन प्रतिवेदन गाउँसभामा प्रस्तुत गर्नुपर्नेछ ।

## परिच्छेद-६

## वडास्तरीय अनुगमन समितीको काम कर्तव्य र अधिकार

क) आर्थिक वर्ष २०७५/०७६ को गाउँसभाबाट विनियोजित योजना तथा कार्यक्रमहरु मध्ये रकम रु. ३००००० भन्दा साना योजनाहरुको अनुगमन निर्देशन तथा नियन्त्रण गर्न,

ख) योजनाको अनुगमन गरी भुक्तानिका लागि सिफारीस गर्ने,

## परिच्छेद-७

## उपभोक्ता समितीले गर्नुपर्न कार्यहरु

क) गाउँसभाबाट स्वीकृत योजना तथा कार्यक्रमहरुको सम्झौता गर्ने र सो वमोजिन समयमै काम सम्पन्न गर्न ,

ख) उपभोक्ता समितीले काम सम्पन्न भएपश्चात कम्तीमा एकजना अनुगमन समितीका पदाधिकारी रोहवरमा सामाजिका परिक्षण गर्नुपर्न ,

ग) अनुगमन समितीलाई समयमै योजनाको अनुगमन गराउने ,

घ) तोकिएका कागजपत्र तयार गर्ने

ङ) योजना अनुगमन गराउनु प्रत्येक उपभोक्ता समितीको कर्तव्य हुनेछ ।

## परिच्छेद-७

## उपभोक्ता समितीले तयार गर्नुपर्न कागजजातहरु

क) उपभोक्ता समितीका निर्णयहरु

ख) खर्च सार्वजानिक र सामाजिक परिक्षेण गनुपर्न

ग) अनुगमन समितीको प्रतिवेदन /सिफारिस

घ) प्राविधिक मूल्याङ्कन प्रतिवेदन

ङ)आवश्यक अन्य बिल भरपाईहरु

च) वडाकार्यलयको सिफारिस

छ) समितीका पदाधिकारीको नेपाली नागारिताको प्रतिलिपी

ज) उपभोक्ता समितीको निवेदन